# बार्षिक स्थिति प्रतिबेदन

# ANNUAL STATUS REPORT

# 2075/076

## Matrishishu Miteri Hospital



## MATRI SHISHU MITERI HOSPITAL

## POKHARA-16, BATULECHAUR

## अस्पतालप्रमुखको सन्देशः

मातृशिशु मितेरी अस्पतालले आ.ब को  २०७५/०७६ को बार्षिक स्थिति प्रतिबेदनतयार गरि प्रस्तुत गराउन पाउँदा खुसी लागिरहेको छ । बिगततिनआ.ब. २०७३/०७४, २०७४/०७५ र २०७५/०७६ को बहिरङग, इमर्जेन्सी, अन्तरङ र अपरेसन बिभागहरुमा उपलब्ध गराइएको सेबाहरुको तुलनात्मक कार्य सम्पादन यसमा समाबेस गरिएको छ । जसबाट अस्पतालको बिगत देखि बर्तमान सम्मको स्थितिको मुल्यांकन गर्न सकिन्छ । बिगत तिनबर्षको तुलनामाआ.ब. २०७५/०७६ सेबाउपलब्धतामा उत्कृष्ट बर्षको रुपमा देखापरेको छ ।सेबाग्राहीको संख्यामाभारी बृध्दिभएको छ । सेबाग्राहीहरु सन्तुष्ट भई सेबालिएर गएको भन्ने तथ्यबिरामी सन्तुष्ट भएनभएको अनुसन्धान सर्भेबाट प्रमाणित भएको छ।

आमा र नबशिशुको जोखिमपुर्ण स्बास्थ्यको तत्काल ब्यबस्थापन गरि अकाल मृत्युहुन बाट जोगाउने कार्यमा यो मातृशिशु मितेरी अस्पताल लागि परेको छ । यसको माध्यमबाट पोखराको उत्तरी भेकका नागरिकहरुले बिशेषज्ञ सेबा आफनै घर आगनमा प्राप्त गरिरहेको स्थिति छ ।अस्पतालको सेबा बाट प्रभाबितभई कास्की जिल्लाभन्द ाबाहिरका गर्भवतिमहिलाहरु पनि सुत्केरी सेबालिन यस अस्पतालमा आएको अबस्था छ । आबश्यक मेसिनतथा उपकरणहरु, आबश्यक बजेट, आबश्यक जनशक्ति र आबश्यक सामाग्रीहरुको सन्तुलन स्बास्थ्य संस्थामाहुन सक्यो भने अस्पतालको कार्यसम्पादन गुणस्तरिय बनाउन सकिने हुन्छभन्ने कुरा यहाँ छर्लङग भएको छ  ।

दिगो बिकाशलक्ष्यको मातृतथानबशिशुको स्बास्थ्य मा उल्लेख्य सुधार गरि मातृ तथा पेरिनेटल मृत्युमा कमिल्याउनु परेको छ । मातृशिशुको अस्पताल भएकाले यो अस्पतालले प्रभावकारी भुमिका खेलेको छ । मिति२०७३ फागुनदेखि शुरुबातभएको स्बास्थ्यबिमा सेबा यो अस्पतालमा चलिरहेको छ । करिब ५० देखि ६० को संख्यामा प्रतिदिन स्बास्थ्यबिमाका बिरामीहरुले सेबालिई लाभान्बित हुनपाएको अबस्था छ । अनुसन्धानात्मक सेबातर्फ ल्याब, एक्सरे, भिडियो एक्सरेको सेबा गुणस्तरियरुपमा उपलब्ध गराईएको छ । त्यस संबन्धीजनशक्ति सक्षम रहेको र त्यसलाई चाहिने अत्याधुनिक मेसिन उपकरणको ब्यबस्थापन गरिएको छ ।

यस अस्पताल सुधारको एजेन्डामा प्रत्यक्षसहयोग तथा साथदिनुहुने स्थानियनागरिक समाजकाअगुबाहरु, महिला समुहहरु, प्राध्यापक,शिक्षक, बिदयार्थीहरु, राजनैतिक पार्टिहरु, माननिय सभासदहरु, बडाअध्यक्ष ज्यु, अस्पताल ब्यबस्थापन समितिका पदाधिकारीहरु लगायत लब्धप्रतिष्ठीत ब्यक्तित्वहरुप्रति हार्दिक आभार ब्यक्तगर्दछु । यस अस्पतालको सेबामा कटिबध्द भई योग्दान पुर्‍याउनु हुने संपुण चिकित्सकहरु, नर्सिङ, पारामेडिक्स, अन्यप्रशासनिकतथा सहयोगीकर्मचारीहरु प्रतिहार्दिक आभार ब्यक्त गर्न चाहन्छु । बहाहरुकै योग्दानलेनै आज यो अस्पताल उदाहरणिय रुपमा सन्चालनभएको ब्यहोरा जग जाहेर छ । यो मातृशिशु मितेरी अस्पतालको बार्षिक स्थितीको प्रतिबेदनतयार गर्ने कार्यमा खटनुहुने यस अस्पतालको मेडिकल रेकर्डशाखाका बरिष्ट मेडिकल रेकर्डर निरिक्षक अधिकृत सातौ तहक ाश्री लक्ष्मण शर्मा पौडेल प्रतिधन्यबाद ब्यक्त गर्दछु ।

अन्तमा अस्पताल ब्यबस्थित सन्चालनमाउपल्लो निकायबाट समन्बयकारी भुमिकाको सहयोग प्रदान गर्नुहुने प्रदेश सरकार सामाजिक बिकाशमन्त्रालय गण्डकी प्रदेश, स्बास्थ्य निर्देशनालय गण्डकी प्रदेश, स्बास्थ्यकार्यालय कास्की र स्बास्थ्यबिभाग पोखरा महानगरपालिकाप्रति हार्दिक आभार ब्यक्तगर्दछु र आगामीदिनहरुमापनि निरन्तर समन्वयकारी भुमिकाको अपेक्षागर्दछु । धन्यबाद

डा.प्रेमराज पगेनी

मेडिकल सुपरिन्टेण्डेन्ट

**कार्यकारी सारंस**

सिमान्तकृत, अल्पसंख्यकपछाडि परेका जनसमुदायतथाअतिगरीब, गरीबतथाबिपन्न सबैलाई स्वास्थ्य सेबाको सहजपहुँचउपलब्ध गराउनु सरकारी स्वास्थ्य संस्थाको प्रमुखदायित्वहो । त्यसैगरि सबै नागरिकलाई गुणस्तरिय स्वास्थ्य सेबाउपलब्ध गराउनु दोस्रो दायित्वहो भने लक्षित बर्ग अति गरीब, गरीब,अपाङग, जेष्ठ नागरिक,महिला स्वास्थ्य स्वयंसेबिकालाई सहुलियत रुपमा स्वास्थ्य सेबाउपलब्ध गराउनु स्वास्थ्य संस्थाको तेस्रो दायित्वहो ।

मातृशिशु मितेरी अस्पतालले उपलब्ध गराएको सेबामा ८६ प्रतिशत सेबाग्राहीलाई सन्तुष्टतुल्याएको छ भने सबै नागरिकलाई सहज स्वास्थ्य सेबाको पहुचउपलब्ध गराएको छ । लक्षित  समूहकानागरिकहरुले सहजरुपमा सेबापाएको अबस्था छ । अर्कोतर्फ यो अस्पतालले ९० प्रतिशत गुणस्तरिय सेबाउपलब्ध गराएको प्रमाणित भएको छ ।

सेबाग्राहीको भारी संख्यामा बृध्दि भएको छ । गतबर्ष सम्म दैनिक १५ देखी २० जना स्वास्थ्यबिमाका बिरामीहरु आईरहेकोमा यस आ.ब.२०७५/०७५ मा औसत दैनिक ३० देखी ४० जना सम्म बिरामीहरु सेबालिनआईरहेको अबस्था छ । यस अस्पतालको बहिरङग सेबामाआ.ब. २०७३/०७४ मा कुल ८२३४ जनाले सेबालिएकाथिएभने ०७४/०७५ मा ११८६६ जना र ०७५/०७६ मा १८४९३ जनाले सेबालिएको देखिन्छ । यसरी बहिरङग सेबामा ०७५/०७६मा ६४ प्रतिशतले सेबाग्राही बृध्दिभएको देखिन्छ ।  यसैगरि  आकस्मिकबिभागमा ०७३/०७४ आ.ब.मा ३६३ जनाले सेबालिएका देखिन्छ भने ०७४/०७५मा ६३७ र आ.ब. २०७५/०७६मा बृध्दि भई  ३५७९  जनाले सेबालिएको देखिन्छ । भर्नाभई डिस्चार्ज भएका बिरामी ०७३/०७४ आ.ब.मा ३६३ जनामात्रथिएभने ०७४/०७५मा बृध्दिभई ६३७जनाले सेबालिएको देखिन्छ भने यस ०७५/०७६ आ.ब. मा ८१८ जनाले सेबालिइ डिस्चार्जभई गएको देखिन्छ । यसैगरि प्रयोगशालामा ०७३/०७४ मा कुल २३१२३ परिक्षण भएको थियो भने आ.ब. ०७४/०७५ मा बृध्दिभई ४६३०८ पुगेको थियो भने आ.ब. २०७५/०७६ मा भारी बृध्दिभई ६९३६५ संख्यामा परिक्षण सम्पन्नभएको थियो । यसैगरि कुल डेलिभरी संख्या २०७३/०७४ मा १६८ मात्रथियो भने आ.ब. २०७४/०७५मा बृध्दिभई ४१२ जनाले सुत्केरी सेबालिएको देखिन्छ । यसैगरि २०७५/०७६मा ५८८जनाले सुत्केरी सेबालिएको देखिन्छ । यसमा १२८ जनाले चिरफार अपरेसन गरि सुत्केरी सेबालिएको देखिन्छ ।

यसैगरि अनुसन्धानमुलक सेबातर्फ एक्सरे सेबाआ.ब. ०७३/०७४मा जम्मा ३३२ जनाले सेबालिएको देखिन्छ भने आ.ब. २०७४/०७५ मा ७१५ जना र आ.ब. २०७५/०७६ मा बृध्दिभइ १०१२ जनाले सेबालिएको देखिन्छ । यसै गरि भिडियो एक्सरे तर्फ ०७३/०७४ मा १०४३ जनाले सेबालिएकाथिएभने  २०७४/०७५मा २६८५ जना र०७५/०७६ आ.ब.मा अत्यधिक बृध्दिभई आ.ब.मा ३८४४ जनाले भिडियो एक्सरे सेबालिएकाथिए ।  यसै  गरि  इ.सी.जी. सेबातर्फ आ.ब. ०७३/०७४ मा कुल १७१ जनाले सेबालिएकोमा आ.ब. ०७४/०७५ मा २३९ जना र आ.ब. २०७५/०७६ आ.ब.मा ३५५ जनाले सेबालिएको देखिन्छ ।

तथ्याङकीयबिश्लेषण गरि हेर्दा अस्पतालमा व्यापक सुधार आएको देखिन्छ । कुशल नेतृत्व तथाव्यबस्थापन, सक्षमजनशक्तिको टिम,आबश्यक मेसिनतथा उपकरणहरुक्रमस उपलब्धहुदैजानु,बजेटको उपलब्धतामा बृध्दिआदि कारणले मातृशिशु मितेरी अस्पताल साच्चिकै गुणस्तरिय देखिएको छ । यस आ.ब २०७६/०७७ मा अस्पतालको गेट निमार्ण,र्याम्प निमार्ण, चिकित्सकआबाशगृह निमार्ण, अस्पतालको तलाथप र एनसियु सन्चालनका योजनाहरु छन् ।

अस्पताल सुदृढिकरण कार्यक्रमको नियमितता, प्रदेश सरकार सामाजिक बिकाश मन्त्रालय गण्डकी प्रदेश बाट आफु अन्तर्गतको यो अस्पताललाई बजेट उपलब्धतामा केहि सहजीकरणको अबस्थाले आगामीदिनहरुमा अस्पतालले थपगुणस्तर कायम गरि सेबाग्राही नागरिकलाई सन्तुष्टी तुल्याउदै जाने छ ।

## वार्षिक स्थिति प्रतिवेदन

## (Annual Status Report)

## आ.व.०७५/७६

१. पृष्ठभूमि

आमा र नब शिशुको जोखिमपुर्ण स्बास्थ्यको तत्कालै ब्यबस्थापन गरि आबश्यक उपचार मार्फत मृत्युहुनबाट बचाउने सरकारको मुख्य प्राथमिकतामा रहेको छ । यसै सन्दर्भमा पोखराको उत्तरीभेकका गर्भबती,सुत्केरी आमाहरु र नब शिशुहरुको स्बास्थ्यलाई नागरिक कै पायक पर्ने ठाउमा ब्यबस्थापन गर्न मिति २०७२ साल आश्विन २२ गते स्बीकृत भई प्रसुति तथा स्त्रीरोग र बालरोग बिशेशज्ञ सहितको सरकारी मातृशिशु मितेरी अस्पतालको नामले सन्चालनमा आएको छ । यो अस्पताललाई बिधिबतरुपमा महामहिम राष्ट्रपति बिद्यादेबि भण्डारी ज्यु द्बारा मिति २०७३ साल आश्विन १२ गते उद्घाटन गरिएको हो । यो अस्पताल पोखरा महानगरपालिका बडा नंबर १६ बाटुलेचौरमा पर्दछ । यो अस्पताल पोखराको मुख्य बजार महेन्द्रपुल देखि करिब ५ किलोमिटर दुरीमा रहेको छ । यो अस्पताल बाटुलेचौर स्बास्थ्य चौकीको स्तरउन्नति र मातृशिशु मितेरी सामुदायकि अस्पताल समायोजन गरि बनाइएको हो । स्थापनाकालदेखिनै २५ शैया स्बीकृतभई यो अस्पतालमा आकस्मिक तथा नियमति प्रसुति संबन्धी अपरेसन सेबा समेत सुचारु छ ।

२. स्थिति विश्लेषणको उद्देश्य

हरेक बर्ष सरकारी स्बास्थ्य संस्थामा सरकारले लगानी गरेको हुन्छ । लगानी गरे अनुरुपको परिणाम पाउन सकियो सकिएन । स्बास्थ्य संस्थाको बास्तबिक स्थिति के छ । जनशक्ति, आबश्यक बजेट, मेसिन तथा उपकरणहरुको ब्यबस्थापन भए नभएको थाहा पाई समयमै कार्य योजना बनाई कार्यन्वयन गर्नु पर्ने हुन्छ । अत स्बास्थ्य संस्थाको बास्तबिक अबस्था बुझि समस्याहरुको समयमै पहिचान गरि त्यसको समाधानको कार्ययोजना बनाइ कार्यान्वयन गर्दै अगाडि बढनु स्थिति बिश्लेषणको उद्धेश्य हो ।

३. स्थिति प्रतिवेदन निर्माण प्रक्रिया

अस्पतालमा रहेका बिभिन्न शाखा प्रमुखहरुको सहभागितामा आ.ब. २०७५/०७६ मा अस्पतालले गरेको कार्य सम्पादनहरु संकलन, उदाहरणिय राम्रा कामहरुको संकलन , सेबाहरुको तथ्यांक,सेबाहरुको सन्चालन मा आइपरेका कठिनाइहरु समस्या समाधानका उपायहरुको बारेमा ब्यापक छलफल गरि यो बार्षिक स्थिति प्रतिबेदन तयार पारिएको छ ।

४. हालको अस्पताल ब्यबस्थापन समितिका पदाधिकारीहरु

क. उषा बरुबाल अध्यक्ष
ख. दामु अधिकारी सदस्य
ग. पुष्पराज तिमिल्सेना सदस्य
घ. डा.बर्षा कुवर सदस्य

ङ. सृजना कार्की भट्टराई

च. डा. प्रेमराज पगेनी सदस्य सचिब

४. **HUMAN RESOURCES** अस्पतालको सरकारी जनशक्ति बिबरण

| कम संख्या | स्बिकृत दरबन्दी | संख्या | पद पुर्ति | स्थानिय र अन्य श्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | मेडिकल सुपरिन्टेण्डेन्ट (बरिष्ट प्रसुति तथा स्त्रीरोग बिशेषज्ञ) | १ | १ | | |
| २ | बालरोग बिशेषज्ञ | १ | ० | १ | अस्पताल ब्यबस्थापन |
| ३ | कन्सल्टेण्ट एमडिजिपि | | | १ | स्बास्थ्य मन्त्रालय करार |
| ४ | मेडिकल अधिकृत | ४ | २ | ६ | छात्रबृति करार |
| ५ | मेडिकल रेकर्डर | १ | १ | | |
| ६ | नर्सिङ अधिकृत | १ | ० | १ | सामाजिक बिकाश करार |
| ७ | हाउस किपिङ | १ | ० | | किताबखानामा दर्ता नभैसकेको |
| ८ | हे.अ. /सि.अ.हे.ब | ५ | ३ | | किताबखानामा दर्ता नभैसकेको |
| ९ | स्टाफ नर्स | ५ | ५ | | |
| १० | फार्मेसी सहायक | १ | १ | | |
| ११ | एनस्थेसिया सहायक | १ | १ | | |
| १२ | रेडियोग्राफर | १ | १ | | |
| १३ | ल्याब टेक्निसियन/असिस्टेण्ट | २ | २ | | |
| १४ | लेखापाल | १ | ० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | सि.अ.न.मी/अ.न.मी. | ५ | ५ | | |
| १६ | नायब सुब्बा | १ | १ | | |
| १६ | ड्राईभर | १ | ० | | |
| १७ | कार्यालय सहायक | ६ | १ | | |
| | **जम्मा** | **३८** | **२४** | **९** | |

५. अस्पताल ब्यबस्थापन समिति तर्फका कर्मचारीहरु

| कमसंख्या | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रसुति तथा स्त्रीरोग बिशेषज्ञ | १ | |
| २ | स्टाफ नर्स | २ | |
| ३ | प्रशाशन सहायक | १ | |
| ४ | अ.हे.ब | २ | |
| ५ | रेडियोग्राफर | १ | |
| ६ | अ.न.मी. | ४ | |
| ७ | सहलेखापाल | १ | |
| ८ | ल्याब असिष्टेन्ट | १ | |
| ९ | ड्राइभर | १ | |
| १० | सुरक्षा गार्ड | २ | |
| ११ | स्वीपर/सरसफाई | ५ | |
| १२ | फार्मेसी सहायक | १ | |
| १३ | कार्यालय सहायक | १ | |
| १४ | रिसेप्सनिष्ट | १ | |
| | जम्मा | २४ | |

६. **हालको अस्पतालको सेबा भवन र जमिन**

- अस्पतालको आफनै जमिन १२ रोपनी १२ आना १ पैसा क्षेत्रफलमा फैलिएको छ ।
- अस्पतालको दुई तलाको बहिरङ, अन्तरङ्ग र ईमर्जेन्सी सेबा भबन छ ।
- हालको भबन बाट अस्पतालका कोठाहरु अप्रयाप्त छ ।
- डा. आबास गृह नबनिसकेको अबस्था छ ।
- अस्पतालका स्बास्थ्यकर्मीहरुको लागि आबास गृहको ब्यबस्था नभएको ।
- अस्पतालमा एम्बुलेन्सको ब्यबस्था छ ।

७. अस्पतालमा भएका मुख्य मुख्य मेसिन तथा उपकरणहरु

1. Ventilator Functioning
2. Monitor
3. Baby radiant warmer
4. Microscope
5. Bio semi auto analyzer
6. Electrolytes analyzer
7. Incubator
8. ECG machine
9. Nebulization machine
10. Suction machine Functioning
11. Monitor
12. Otoscope

८. बजेट

संघिय सरकारबाट प्राप्त शशर्त तर्फको कार्यक्रम र बजेट ब.सि.नं ७०४३७३९१

| क्रम संख्या | बिबरण | बजेट | खर्च |
|---|---|---|---|
| १ | एकिकृत जिल्ला स्बास्थ्य ब.सि.नं ३७०८०४ | ११५००००। | १०९०५८३। |
| २ | एकिकृत स्बास्थ्य पुनर्जागरण ब.सि.नं ३७०१३६ | २५००००। | २५००००। |
| ३ | एकिकृत बाल स्बास्थ्य एबं पोषण कार्यक्रम ब.सि.नं ३७०११६ | १०००००। | ८६०००। |
| ४ | एकिकृत स्बास्थ्य पुनर्जागरण कार्यक्रम ब.सि.नं ३७०१३६ | ३०००००। | ३०००००। |
| | जम्मा | १८०००००। | १७२६५८३। |

*प्रदेश बाट प्राप्त कार्यक्रम र बजेट ब.सि.नं ७०४३७३५१*

| *क्रम संख्या* | *बिबरण* | *बजेट* | *खर्च* |
|---|---|---|---|
| *१* | *अन्य सार्बजनिक निमाण* | *५००००००।* | *९९६१५१।* |
| *२* | *औजार उपकरण तथा प्राकृतिक चिकित्सा* | *१४३०००००।* | *१२४८७९३५।* |
| *३* | *अपाङग असहाय अतिगरिब तथा सुत्केरी खर्च* | *१२०००००।* | *०* |
| *४* | *पुजिगत सुधार खर्च* | *१३०००००* | *८१८९५३।* |
| *५* | *जम्मा* | *६६८०००००।* | *१४३०३०३९।* |

## *अस्पतालहरुको गुणस्तर एवं सेवा सुदृढीकरण*

## *जम्मा बिनियोजित बजेट 3500000/*

| *क्रम संख्या* | *बिबरण* | खर्च रकम रु २०७५/०७६ |
|---|---|---|
| १ | अस्पताल विकास समितिको बैठक संचालन र सामाजिक परीक्षण | ***150000*** |
| २ | अस्पतालमा continue Medical education कार्यक्रम सन्चालन | ***70000/*** |
| ३ | अस्पताल तथा अस्पताल परिसरको सरसफाइको लागि ज्याला खर्च | ***130000/*** |
| ४ | भौतिक संरचनाको मर्मत सुधार | ***472500/*** |
| ५ | अस्पतालजन्य फोहोर मैला ब्यवस्थापन तथा संक्रमण रोकथाम | ***315000/*** |
| ६ | अस्पतालको लागि अत्यावश्यकीय विद्युत, खानेपानी तथा ढल निकास ब्यवस्थापन | ***472500/*** |
| ७ | क्लिनिकल सेवा विस्तार/औजार उपकरण खरिद | ***819000/*** |
| ८ | अस्पतालमा फार्मेसी स्थापना संचालन तथा सुदृढीकरण | ***787500/*** |
| ९ | अस्पतालको स्वास्थ्य ब्यवस्थापन सूचना प्रणाली सुदृढीकरण | ***126000/*** |
| १० | विरामीहरुका लागि अन्य सेवा सुविधाहरु सुदृढीकरण गर्न | ***157500/*** |
| ११ | अस्पतालमा सोलर पावर ब्याकअप जडान | |
| | जम्मा | ***3500000/*** |

## Hospital management committee:

| Description | |
|---|---|
| 1. Number of meetings held in 2075/76 | 15 |
| 2. Financial information | Amount NPR |
| 2.1 Balance @ end Asad 2074 | 1943491/ |
| 2.2 Income | 15358259/ |
| 2.3 Expenses | 15801477.27/ |
| 2.4 Balance @ end Asad 2075 | 1500273.35/ |
| Any donation | |

## Finance: *Operating Budget*:

| Budget | Budget Allocated | Budget Released | Budget Expenditure | Irregularities (BERUJU) | | |
|---|---|---|---|---|---|---|
| | | | | Amount | Clearances | % Clearances |
| Capital | 51300000/ | 1815104/ | 1815104/ | - | - | - |
| Recurrent | 17300000/ | 14214518/ | 14214518/ | - | - | - |
| Total | 68600000/ | 16029622/ | 16029622/ | | | |

## 9. Hospital Beds

| Description | Total |
|---|---|
| Sanctioned Beds | 25 |
| Operational Beds | 15 |
| Total inpatient beds including maternity | 10 |
| Emergency Department | 5 |
| Geriatric | |
| Other | |

## 10. Available Hospital services

1. General OPD
2. Pediatric OPD
3. Obst/Gynae OPD


- Emergency services ( 24 hour with Doctor available )
- Patient observation in Emergency

Indoor

- Maternity
- General medicine case
- LSCS operation (emergency and routine)
- Investigation / Diagnostic services

  X-Ray, ECG, USG, Laboratory
- Social Health security ( health insurance) started at phalgun 2073
- Via test
- PMTCT test

# Hospitals main Departments




11.तथ्याङ्क र सूचनाहरुको प्रस्तुति (सम्वन्धित सूचकहरु, आफ्नो निकायसंग सम्वन्धित तथ्यांक, )

| SN | Description | 2073/074 | 2074/075 | 2075/076 | Trend |
|---|---|---|---|---|---|
| 1 | Master Registered patient | 8234 | 11866 | 18493 | |
| 2 | Total Number of OPD | 5918 | 8695 | 14209 | |
| 3 | Total Number of Emergency Cases | 363 | 637 | 3579 | |
| 4 | Total Number of Inpatients Discharged | 363 | 637 | 818 | |
| 5 | Total Number of Lab tests Provided | 23123 | 46308 | 59365 | |

| | | | | | |
|---|---|---|---|---|---|
| 6 | No of Normal spontaneous Delivery | 115 | 300 | 436 | |
| 7 | Forcep/vaccume | 12 | 17 | 24 | |
| 8 | No of C/S Delivery | 41 | 95 | 128 | |
| 9 | Total Deliveries | 168 | 412 | 588 | |
| 10 | Referral Cases (**Out**) Total | 1005 | 1110 | 1456 | |
| 11 | Total Maternal Deaths | 0 | 0 | 0 | |
| 12 | still birth macerated | 2 | 1 | 0 | |
| 13 | Still birth fresh | 0 | 1 | 1 | |
| 14 | Other Hospital death | 0 | 0 | 0 | |

## 12. Investigation services

| SN | particulars | 073/74 | 074/75 | 075/076 |
|---|---|---|---|---|
| 1 | X-Ray | 332 | 715 | 1012 |
| 2 | USG | 1043 | 2685 | 3844 |
| 3 | ECG | 171 | 239 | 355 |

## 13. Laboratory services

| Year | Parasitology | Bacteriology | virology | Hematology | Biochemistry | Immunology | Total |
|---|---|---|---|---|---|---|---|
| 073/74 | 1679 | 141 | 1203 | 7730 | 10759 | 1611 | 23123 |
| 074/75 | 350 | 296 | 3688 | 12599 | 23351 | 2871 | 46308 |
| 075/076 | 4578 | 321 | 1686 | 26897 | 22185 | 3698 | 59365 |

14. **Hospital Indicators**

| SN | indicators | calculation | 2073/74 | 2074/075 | 2075/076 |
|---|---|---|---|---|---|
| 1 | Total OPD visit as % of total population | 14209/25027 | 33% | 35% | 57% |
| 2 | % of Emergency visit among total Hospital visit | 3579/18493 | 21% | 22% | 19% |
| 3 | Bed occupancy rate | 1843/3600*100 | 21% | 36% | 51% |
| 4 | Delivery conducted as % of expected livebirth | 588/542*100 | 35% | 76% | 100% |
| 5 | Average length of stay | 1843/818 | 2 days | 2.05 | 2.25 |
| 6 | Death rate among inpatients | 0 | 0 | 0 | 0 |
| 7 | No. of CAC/PAC service | | 40 | 60 | 82 |
| 8 | Throughput | 901/10 | 40 | 69 | 90.1 |
| 9 | Bed turnover Interval | 365-(2.25*90.1)/90.1 | 7.125 | 3.24 | 1.80 days |
| 10 | Doctor Inpatient ratio | 818/9 | 52 | 71 | 91 |
| 11 | Doctor OPD patient ratio | 14209/9 | 845 | 966 | 1579 |

| | | | | | |
|---|---|---|---|---|---|
| 12 | Nurses Inpatient ratio | 818/14 | 26 | 45.5 | 58 |
| 13 | Patient sex ratio in Inpatient | 752/66 | 1:3.59 | 1:6.86 | 11.39 |

15.Top ten inpatient Morbidity and Mortality

| **Morbidity 2075/76** | **Mortality 2075/76** |
|---|---|
| Top 10 Diseases among inpatients | Top ten Mortality among inpatients |
| 1 NNJ- 32 | |
| 2. Enteric fever- 27 | |
| 3. Viral fever-23 | |
| 4. UTI- 20 | |
| 5. GE-16 | |
| 6. Inc abortion- 14 | |
| 7. Hyperemesis- 13 | |
| 8. URTI-10 | |
| 9. LRTI-9 | |
| 10.ROP- 9 | |

## 16.**Leading OPD Morbidity 2075/76**


| **MATRI SHISHU MITERI (Bataulechaur) HOSPITAL, Kaski<br>Leading Diseases 2075/076** | |
|---|---|
| Data / Period | Shrawan 2075 to Asar 2076 |
| Outpatient Morbidity-Other Infected Diseases-Upper Respiratory Tract Infection (URTI) Cases | 1202 |
| OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-Hypertension | 1139 |
| OPD-Morbidity-Other Diseases & Injuries-Gastritis (APD) | 569 |
| OPD-Morbidity-Other Diseases & Injuries-PUO | 545 |
| Outpatient Morbidity-Other Infected Diseases-ARI/Lower Respiratory Tract Infection (LRTI) Cases | 543 |
| OPD-Morbidity-Orthopaedic Problems-Falls/Injuries/Fractures | 542 |
| Outpatient Morbidity-Nutritional & Metabolic Disorder-Diabetes Mellitus (DM) Cases | 529 |
| Outpatient Morbidity-Other Infected Diseases-Urinary Tract Infection (UTI) Cases | 332 |
| OPD-Morbidity-Other Diseases & Injuries-Abdominal pain | 297 |
| OPD-Morbidity-Orthopaedic Problems-Backache(Muskuloskeletal Pain) | 287 |
| Outpatient Morbidity-Gynae Problems-Menstrual disorder | 247 |
| Outpatient Morbidity-Gynae Problems-Pelvic Inflammatory Disease (PID) | 227 |
| Outpatient Morbidity-HIV/STI-Lower Abdominal Pain Syndrome (LAPS) Cases | 202 |
| OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-COPD | 188 |
| Outpatient Morbidity-Skin Diseases-Fungal Infection (Lichen Planus) Cases | 185 |
| Outpatient Morbidity-ENT Infection-Pharyngitis/Sore Throat Cases | 171 |
| Outpatient Morbidity-Communicable-Water/Food Borne-Acute Gastro-Enteritis (AGE) Cases | 162 |

17. Deliveries classified by caste/Ethnicity075/76

| Deliveries by caste/ethnicity | Number of Delivered |
|---|---|

| | | |
|---|---|---|
| 1 | Dalit | 156 |
| 2 | Janjati | 280 |
| 3 | Madhesi | 2 |
| 4 | Muslim | 0 |
| 5 | Brahmin/chhetri | 146 |
| 6 | other | 4 |
| | Total | 588 |

## Deliveries catagorized by caste/ethnicity 2075/76



## 18. विशेष प्राथमिकतासाथ सम्पन्न कार्यहरु

- चिकित्सक आबासको निर्माणकोलागि जमिनको ब्यबस्थापन
- अस्पतालको माथिल्लो तला थपकोलागि इन्जीनियरिङ नक्साङकन
- अस्पतालको बाहिर निस्कने गेटको इन्जीनियरिङ नक्साङकन
- अस्पतालको चिकित्सक आबास गृहको इन्जीनियरिङ नक्साङकन
- निमाण कार्य पर्खाल तथा क्यान्टिन ब्यबस्थापन
- औजार उपकरण

  ओ.टी. टेबुल,लाईट, जी.ए मेसिन, एन.आई.सि.यु. उपकरण, एक्सरे मेसिन,युएस जी मेसिन
- समुदायमा आधारित नबजात शिशु र बालरोगको एकिकृत ब्यबस्थापन ( समितिबाट बाल रोग बिशेषज्ञको ब्यबस्थापन)
- फोहरमैला ब्यबस्थापन
- अस्पतालको गुरुयोजना निर्माण
- ई हाजिरि ब्यबस्थापन
- समितीका कर्मचारीको उचित ब्यबस्थापन

## 19. कार्यालयको प्राथमिकतामा रहेका कार्यक्रमहरु

आमा सुरक्षा, समुदायमा आधारित नबजात शिशु र बालरोगको एकिकृत ब्यबस्थापन, परिबार नियोजन, ईमजेन्सी, ओ.पी.डी, इण्डोर, खोप, फार्मेसी, प्रयोगशाला, एक्सरे, भिडियो एक्सरे आदि ।

## 20. समग्र कार्यक्रमको प्रमुख उपलब्धि

- सुत्केरी गराउने महिलाहरुको संख्यामा बृध्दि
- स्बास्थ्य बिमा संग संबन्धीत बिरामीहरु बृध्दि
- गुणस्तरिय सेबा
- सेबाग्रहीहरु अस्पतालको सेबा बाट सन्तुष्ट
- अस्पतालको गुरु योजना तयार

- क्यान्टीन व्यबस्थापन
- अस्पतालको दक्षिण एरियामा पर्खाल निर्माण
- नयां एक्सरे मेसिन
- स्थानिय नागरिकको स्वास्थ्य संस्था प्रति बिश्बासमा बृध्दि

## 21. समस्या र चुनौतिहरु

- अस्पताल बिस्तार गर्न आबश्यक जमिनको कमि
- बिशेशज्ञहरुको दरबन्दीमा कमि
- सबारी साधन उपलब्ध नहुनु
- बालरोग बिशेशज्ञको दरबन्दी पुर्ति हुन नसकेको
- न्युन स्केलमा समितिका कर्मचारीहरु कार्यरत

## 22. समस्या र चुनौती सामना गर्न गरिएका प्रयासहरु

अस्पताल ब्यबस्थापन समितिले अस्पतालको जमिन ब्यबस्थापनको लागि धेरै प्रयासहरु गरिरहेको छ । बडा कार्यालय पोखरा महानगरपालिका र समाजिक बिकाश मन्त्रालयसंग छलफल चलिरहेको छ । हरेक समिक्षा बैठकहरुमा बिशेषज्ञको कमि औल्याइएको छ । सामाजिक बिकाश मन्त्रालयमा सबारी साधनको माग गरिएको छ । बालरोग बिशेषज्ञको दरबन्दी पुर्तिको माग गरिएको छ । समितितर्फका कर्मचारीको समस्या ब्यबस्थापन समितिमा राखीएको छ ।

## 23. सिकिएका पाठहरु

जननिर्बाचित प्रतिनिधि मार्फत अस्पतालका आबश्यकताको लबिङ गर्दा बजेट प्राप्त गर्न अलिक संभाबनाहरु बृध्दि भएको देखिएको छ । अत अस्पताल ब्यबस्थापन समिति र स्थानिय निर्बाचित जनप्रतिनिधि साथ साथै हातेमालो गरि अस्पताल सुधारको एजेण्डामा एक्यबध्द भई अगाडी बढन सके अस्पताल ब्यबस्थापनमा सुधार आउने छ ।

## 24. निष्कर्ष

अस्पताल ब्यापक सुधारको अबस्थामा छ । क्वाटरकोलागि जमिन ब्यबस्थापन भएको छ । सेबासंख्यामा भारी बृध्दि भएको छ । अस्पतालको गुरु योजना ईन्जीनियरिङ द्धारा प्रस्तुत भएको छ । लक्ष किटानी गरि अगाडी बढदा केहि सफलता लाग्दो रहेछ भन्ने कुरा प्रमाणित भएको छ । अस्पतालको बिगत तिन बर्षमा क्रमस सुधार आई सेबा बिस्तार भएको छ । स्थानिय नागरिकहरुको स्वास्थ्य संस्था प्रति बिश्बास बढि रहेको देखिएको छ । आन्तरिक ब्यबस्थापन प्रभाबकारी हुदै गएको देख्न सकिन्छ ।